FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली

Non-Resident Nepali Association
National Coordination Council - USA

EIN# 62-1850599

# बैठकको माइनुट

१०-१०-२०२१ मा कार्यसमितिको बसेको बैठकमा भएका छलफल र निर्णय

उपस्थिति

१०-१०-२०२१ मा बिहान ११ बजे पूर्वीय समय अनुसार अध्यक्ष बुद्धि सागर सुवेदीको अध्यक्षता कार्यसमितिको चौथो बैठक सम्पन्न भयो ।

**पहिलो चरण**

१ ) बैठकको पहिलो चरणमा सचिव तथा आइटी कमिटीको उप-संयोजक अनुप खनालले सचिवालयको र आइटी कमिटीको हाल सम्म भएको प्रगति विवरण पेस गर्नु भएको थियो ।साथै महासचिव अन्जन कुमार चौलागाईले परराष्ट्र मन्त्री माननीय नारायण खड्काको संयुक्त राष्ट्र सङ्घको महासभामा भाग लिन आउनु भएको अवसरमा दोहोरो नागरिकता, दोहोरो कर प्रणाली तथा नेपाल भ्रमण गर्दा लाग्ने प्रवेशाज्ञा शुल्क मिनाहा सम्बन्धमा बुझाउनु भएको ध्यान आकर्षण पत्रका सम्बन्धमा जानकारी गराउनु भयो । करिब २०मिनेट चलेको पहिलो चरणको प्रगति विवरण पछि महासचिवले बैठकलाई दोस्रो चरणमा प्रवेश गराउनु भयो ।

**दोस्रो चरण**

**दोस्रो चरणमा राखिएका बैठकका प्रस्ताव यस प्रकारको रहेको छ।**

१) राष्ट्रिय समन्वय परिषद्को हरेक बैठकमा च्याप्टर अध्यक्षहरूलाई आमन्त्रित सदस्य रूपमा सहभागी बनाउने विषयमा

२) टास्कफोर्सहरूलाई पूर्णता दिने विषयमा

३) गैर आवासीय नेपाली सङ्घको सहयोगमा नेपालको सल्यान जिल्लाको कुमाख गाऊँपालीकामा निर्माण सुरु भएको “मिनी प्रसूति गृह “ को सम्बन्धमा

४) आउँदो कार्यकालको लागि सदस्यता दर्ता सम्बन्धमा

५) गैर आवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद्को रकम निकासा र विनियोजन सम्बन्धमा

६) एमसीसी का सम्बन्धमा

**१) राष्ट्रिय समन्वय परिषद्को हरेक बैठकमा आमन्त्रित राष्ट्रिय समन्वय परिषद्को सदस्य रूपमा सहभागी बनाउने विषयमा**

प्रस्तावक: गोपेन्द्र भटराई
समर्थक: राजीव क्षेष्ठ
अध्यक्ष बुद्धि सागर सुबेदी ज्यू लगायत सबैले यो प्रस्तावलाई सकारात्मक रूपमा लिनु भयो । संस्थाको विधि विधानलाई समेत ध्यानमा राख्नु पर्ने भएको हुनाले आवश्यक अध्ययन गरी यो विषयलाई पछिल्ला बैठकमा छलफलमा ल्याउन सहमति भयो । अध्यक्षज्युले यस विषयलाई प्राथमिकतामा राख्दै तीन सदस्य समिति बनाउने जानकारी गराउनु भयो । समितिले सबै पक्षसँग परामर्श गरी सुझाव सहितको अध्ययन प्रतिवेदन अध्यक्षलाई बुझाउने छ। त्यसपछि अध्यक्ष, वरिष्ठ उपाध्यक्ष र महासचिव ज्युले छलफल गरी यसलाई सकारात्मक टुङ्गोमा पुऱ्याउने जानकारी गराउनु भयो।

**२)टास्कफोर्सहरूलाई पूर्णता दिने विषयमा**

प्रस्तावक: अनुप खनाल
समर्थक: त्रिभुवन पाण्डे
टास्कफोर्सहरूलाई चाडै पूर्णता दिने विषयमा छलफल भयो । पहिलो चरणमा सचिवालयमा नाम पठाइएका योग्य र विज्ञ व्यक्तिहरू मध्येबाट तल उल्लेखित टास्क फोर्सहरुमा जिम्मेवारी दिने निर्णय गरियो।

**विज्ञान तथा प्रविधि विभाग**
**संयोजक: डा. माधब पाण्डे**

**स्वास्थ्य विभाग**
**संयोजक: डा. प्रकाश श्रेष्ठ**

**युवा विभाग**
**संयोजक: मिलन जङ्ग कटवाल**
**उप-संयोजक : प्रबिन खड्का**
**उप-संयोजक: सुमना दवाडी**

**३)वान एनसीसी वान च्यारेटी अन्तरगत गैर आवासीय नेपाली सङ्घको सहयोगमा नेपालको सल्यान जिल्लाको कुमाख गाऊँपालीकामा अघिल्लो कार्यकालमा नै निर्माण सुरु भएको तर पुरा हुन नसकिरहेको "मिनी प्रसूति गृह " को सम्बन्धमा**

प्रस्तावक: कृष्ण जीवी पन्त
समर्थक: अन्जन कुमार चौलागाई

'वान एनसीसी वान च्यारेटी' अन्तरगत अघिल्लो कार्यसमितिले नै पुरा गर्नु पर्ने काम विविध कारणले पुरा हुन नसकिरहेको कामलाई निरन्तरता दिन बरिष्ठ उपाध्यक्ष कृष्ण जीवी पन्तको प्रस्ताव गर्नु भयो । अघिल्लो कार्यकालमा आफै संयोजक भएर सुरु भएको सो अधुरो काम यस पटक पुरा गर्न मौका दिनु पर्ने वरिष्ठ उपाध्यक्ष पन्त ज्युको मागमा सबैको सहमति भयो । गैर आवासीय नेपाली सङ्घ अमेरिकाको सहयोगमा नेपालको सल्यान जिल्लाको कुमाख गाऊँपालीकामा निर्माण सुरु भएको "मिनी प्रसूति गृह" निर्माणको चरणमा छ ।

**४)आउँदो कार्यकालको लागि सदस्यता दर्ता सम्बन्धमा**

प्रस्तावक: सुमन थापा
समर्थक : डिलु पराजुली

आउँदो कार्यकालको लागि सदस्यता दर्ता सम्बन्धमा चाडै नै बृहत् रूपमा छलफल गरी आवश्यकता अनुसार सदस्यता वितरण गरिने निर्णय गरियो।

**५)गैर आवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद्को रकम निकासा र विनियोजन सम्बन्धमा**

प्रस्तावक: अनुप खनाल
समर्थक : तोया दाहाल

गैर आवासीय नेपाली सङ्घ राष्ट्रिय समन्वय परिषद्को रकम निकासा र विनियोजन सम्बन्धमा एक रुपता बनाउनको लागी कोषाध्यक्षको संयोजकत्वमा ३ सदस्यीय समिति निर्माण गर्ने निर्णय गरियो

**६)एमसीसी का सम्बन्धमा**

एमसीसी विवादित र जटिल विषय भएको हुनाले यस सम्बन्धमा बृहत् रूपमा छलफल गरी थप अध्ययन पश्चात् मात्रै यस विषयमा एजेन्डाको रूपमा पछिल्ला बैठकहरूमा समावेश गरी छलफल गर्ने निर्णय गरियो।

**बैठकमा उपस्थित पदाधिकारी तथा बोर्ड सदस्य ज्यूहरू**

१. बुद्धि सागर सुवेदी -अध्यक्ष उपस्थित

२. कृष्ण जीवी पन्त- वरिष्ठ उपाध्यक्ष उपस्थित

३. सुमन थापा -उपाध्यक्ष उपस्थित

४. गोपेन्द्र भट्टराई- उपाध्यक्ष उपस्थित

५. डिलु पराजुली-उपाध्यक्ष उपस्थित

६. विकास उप्रेती -उपाध्यक्ष उपस्थित

७. दिक्षा बस्नेत -महिला उपाध्यक्ष उपस्थित

८. अन्जन कुमार चौलागाई -महासचिव उपस्थित

९. अनुप खनाल -सचिव उपस्थित

१०.सुनिता कँडेल - महिला सचिव उपस्थित

११. राजीव श्रेष्ठ -कोषाध्यक्ष उपस्थित

१२. तोया दाहाल -प्रवक्ता उपस्थित

१३. सुन्दरी गुरुङ -महिला संयोजक उपस्थित

१४. त्रिभुवन पाण्डे - युवा संयोजक उपस्थित

१५. श्रीराम थापा-पश्चिम क्षेत्रीय संयोजक उपस्थित

१६. समर बहादुर बुढाथोकी-पूर्वी क्षेत्रीय संयोजक उपस्थित

१७. किरण बस्नेत मीड वेस्ट क्षेत्रीय संयोजक उपस्थित

१८.विशाल राना -बोर्ड सदस्य उपस्थित

१९. प्रकाश श्रेष्ठ -बोर्ड सदस्य उपस्थित

२०. प्रभात राज सापकोटा-बोर्ड सदस्य उपस्थित

२१.आशिष संग्रौला -बोर्ड सदस्य उपस्थित

२२.शान्ति वाग्ले पौडेल-बोर्ड सदस्य उपस्थित

२३.विश्व राज बास्तोला- बोर्ड सदस्य उपस्थित

२४.राज ढुङ्गाना - बोर्ड सदस्य उपस्थित

**बैठकमा उपस्थित पदाधिकारी तथा बोर्ड सदस्य ज्यूहरू**

१. अग्नि ढकाल -सह कोषाध्यक्ष अनुपस्थित

२. बालाराज घिमिरे बोर्ड सदस्य अनुपस्थित

३. सन्तोष पाहारी -बोर्ड सदस्य अनुपस्थित

४. दुर्गेश जङ्ग कार्की -बोर्ड सदस्य अनुपस्थित

५. डोलनाथ घिमिरे- बोर्ड सदस्य अनुपस्थित

६. बादल भुजेल दक्षिण क्षेत्रीय संयोजक अनुपस्थित

अन्जन कुमार चौलागाई
महासचिव, गैर आवासीय नेपाली सङ्घ अमेरिका